**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २६ दिसम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- नियुक्ति घोटालासँग सम्बन्धित प्रवर्तन निदेशालय (ईडी) को  मामिलामा पश्चिम बंगालका पूर्व मन्त्री पार्थ च्याटर्जी र अन्य ५५ जनाविरुद्ध आरोप तय गर्ने प्रक्रिया सुरु भएको छ।

- गोर्खाल्याण्ड क्षेत्रियले आउँदो जनवरीमा साहित्य, संगीत अनि कला क्षेत्रमा प्रदान गरिइने विभिन्न पुरस्कारहरूको घोषणा गरेको छ।

- सिलगढ़ी देवकोटा संघले प्रत्येक वर्ष झैँ यस वर्ष पनि दुई योग्य व्यक्तिलाई दुईवटा साहित्यिक पुरस्कारले अलङ्कृत गर्ने भएको छ|

- उत्तर बंगाल मेडिकल कलेज तथा अस्पतालमा आज कर्मचारीहरूले हड़ताल गर्दा रोगी सेवाहरू प्रभावित भएको छ।

- तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्टमा आज नर्थ बेंगल फुटबल क्लबले मङ्पु युथ क्लबलाई पराजित गर्दै क्वाटर फाइनलमा प्रवेश गरेको छ।

**पार्थ चटर्जी**

नियुक्ति घोटालासँग सम्बन्धित प्रवर्तन निदेशालय (ईडी) को  मामिलामा पश्चिम बंगालका पूर्व मन्त्री पार्थ च्याटर्जी, कालीघाटका काकु भनेर चिनिने सुजयकृष्ण भद्रा र अन्य ५४ जनाविरुद्ध आरोप तय गर्ने प्रक्रिया सुरु भएको छ। आज कोलकाताको विशेष अदालतमा सुनुवाईको क्रममा पार्थ च्याटर्जीले ईडी मुद्दाबाट आफूलाई मुक्त गर्न अपील गर्नु भएको थियो। वास्तवमा, सर्वोच्च अदालतले डिसेम्बर महिनाभित्र तल्लो अदालतमा आरोपहरू तय गर्न निर्देशन दिएको छ। सर्वोच्च अदालतले सर्तका आधारमा पार्थ च्याटर्जीलाई  १ फरवरीसम्म जमानत दिन निर्देश दिएको छ। सर्वोच्च अदालतले यसअघि तल्लो अदालतले आरोप तय गर्ने र महत्त्वपूर्ण साक्षीहरूको बयान लिने प्रक्रिया पूरा गर्नुपर्ने भनेको छ। यदि यो प्रक्रिया समयमै पूरा भएमा पार्थले 1 फेब्रुअरीअघि नै जमानत पाउन सक्नेछन्|

****** ० ******

**न्यायको मागमा डाक्टरहरूको धरना जारी**

'वेस्ट बंगाल ज्वोइन्ट प्लेटफर्म अफ डाक्टर्स' तथा 'अभया मञ्च' ले धर्मतलामा आफ्नो धरना जारी राख्न उच्च अदालतको अनुमति मागेका छन्| कोलकाता पुलिसले उच्च अदालतको आदेश अनुसार धरना आज सम्म हटाउन निर्देशन दिएपछि यी संगठनहरूले अदालतमा याचिका दर्ता गरेका छन्| डाक्टरहरूले केहि महिना अघि आर जी कर मेडिकल कलेज तथा अस्पतालमा एक महिला डाक्टरको दुष्कर्म पछि हत्या गरेको दोषीहरूमाथि त्वरित कारबाही गर्न तथा डोरिना क्रसिंगको नाम परिवर्तन गरी 'अभया क्रसिंग' राख्ने माग गरेका छन्|

****** ० ******

GTA AWARDS

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनको सूचना एवम् सांस्कृतिक विभागले आउँदो जनवरीमा साहित्य, संगीत अनि कला क्षेत्रमा प्रदान गरिइने विभिन्न पुरस्कारहरूको घोषणा गरेको छ। हिजो जीटीएले विभिन्न पुरस्कारहरूको घोषणा गरेको हो। जीटीएका सूचना एवम् सांस्कृतिक विभागीय कार्यकारी सभासद अनोस थापा अनि सह-निदेशक भूपेन्द्रकान्त घिसिङले पत्रकार सम्मेलन गर्दै जीटीए-द्वारा साहित्य, संगीत अनि नाट्य विधामा प्रदान गरिइने पुरस्कारहरूको घोषणा गरे।प्रत्येक वर्ष जीटीए-द्वारा साहित्य विधामा प्रदान गरिइने गिरी पुरस्कार यस वर्ष मिरिक निवासी वरिष्ठ कवि एवम् मुक्तककार सीके प्रधान विचन्द्रलाई दिइनेभएको छ। यसैगरी, यस वर्ष नाट्य विधामा शिवकुमार राई पुरस्कार 2024 वरिष्ठ नाट्यकर्मी दार्जीलिङ निवासी मेनुका प्रधानलाई दिइनेभएको छ। यस्तै प्रकारले, यस वर्ष संगीत विधामा अरूणा लामा पुरस्कार 2024 वरिष्ठ संगीतकार दार्जीलिङ निवासी दीप वाइबालाई प्रदान गरिने भएको छ। यसबाहेक, संगीत क्षेत्रमा युवा कलाकारहरूलाई प्रोत्साहन प्रदान गर्न यस वर्ष छुजाङ डुक्पा स्मृति पुरस्कार 2024 कालेबुङ निवासी उम्दा गायिका ल्हमु छिरिङ भोटियालाई प्रदान गरिइने भएको छ। यी सबै पुरस्कारहरू आगामी वर्षको जनवरी महिनामा सिलगढ़ीस्थित दिनबन्धु मञ्चमा जीटीएद्वारा आयोजन गरिइने एउटा भव्य कार्यक्रमबिच प्रदान गरिइने बताइएको छ।

****** ० ******

## एन बि एम सी एच

उत्तर बंगाल मेडिकल कलेज तथा अस्पताल (एनबीएमसीएच)मा एक अस्थायी कर्मचारीको गिरफ्तारीको विरोधमा आज तनावपूर्ण स्थिति सिर्जना भयो। कर्मचारीहरूले हड़ताल गर्दा रोगी सेवाहरू ठप्प हुँदा सुदूर क्षेत्रबाट आएका हजारौं रोगीहरू प्रभावित भए। अस्पताल अधीक्षकले दुई दिनअघि चोरीको घटनामा सिकायत गरेपछि पुलिसले एक अस्थायी कर्मचारीलाई पक्राउ गरेको थियो। यस घटनाको विरोधमा अस्थायी कर्मचारीहरूले हिजो देखि हड़ताल गरिरहेका छन्। प्रदर्शनकारीहरूले पक्राउ गरिएका कर्मचारीमाथि झूठा आरोप लगाइएको भन्दै आज अस्पताल अधीक्षकलाई घेरेर प्रदर्शन गरेका थिए| उनीहरूले कर्मचारीलाई रिहा नगरेसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन्। अस्पताल अधीक्षक डा. सञ्जय मल्लिकले चोरीको घटनामा पुलिसले आवश्यक कारबाही गरेको बताउनु भयो|

****** ० ******

## साहित्यिक पुरस्कार

सिलगढ़ी देवकोटा संघले प्रत्येक वर्ष निर्णायक मण्डलीको निर्णयअनुसार चयन गरिएका दुई योग्य व्यक्तिलाई दुईवटा साहित्यिक पुरस्कारले अलङ्कृत गर्दै आइरहेको छ। यस वर्ष पाँचजना निर्णायक मण्डलीको निर्णयअनुसार 'गिरी साहित्य सेवा पुरस्कार २०२४' को निम्ति डा. सुकराज दियाली अनि 'देवकोटा साहित्य सेवा पुरस्कार २०२४' को निम्ति डा. राजकुमार छेत्रीको नाम चयन गरिएको छ। निर्णायक मण्डलीको निर्णयलाई संघका पदाधिकारीगण (चयन समिति)-ले अनुमोदन र स्वीकृत गरेपछि भोलि ९७औं गिरी जयन्तीको अवसरमा एक भब्य समारोह बिच साहित्यकारद्वयलाई अलङ्कृत गरिने छ।

****** ० ******

## पुल निर्माण

दार्जीलिङको तुङसुङ-समरिकपानी क्षेत्रमा पुल निर्माण कार्य भइरहेको समय क्षेत्रीय प्रशासन, जीटीए अनि बीडीओ कार्यालयका कर्मचारीहरू तुङसुङ पुग्दा एकाएक क्षेत्रमा माहोल गर्मिन पुग्यो। स्थानीय 32 वटा समाजहरूसहित अजय एडवर्ड्सको सहयोगमा दार्जीलिङको तुङ्गसुङ्ग-समरिकपानी क्षेत्रमा पुल निर्माण भइरहेछ। सोही निर्माण प्रक्रियाको छानबीन गर्न आज प्रशासनिक अधिकारीहरू तुङसुङ पुगेका थिए। यसैबिच, प्रशासनले पुल निर्माणको एनओसी खोज्दा स्थानीय मानिसहरूले एनओसी आफूहरू नै रहेको अनि जनता नै एनओसी हो भनी जवाब दिए।

****** ० ******

## आरुषि राई

मिरिक महकुमा अन्तर्गत सौरेनी बजार स्थित ग्रिनलन स्कूलमा अध्ययनरत कक्षा ११ की छात्रा आरुषि राईलेलाई पश्चिम बंगालको प्रतिनिधित्व गर्दै राष्ट्रिय कराटे फेडरेशन कपको लागि चयन भएकी छन्| यो प्रतियोगिता २८ र २९ दिसम्बरमा वाराणसीमा आयोजना हुने छ। आरुषि मिरिकबाट एक्ली प्रतिनिधि भएकी हुन । आरुषि सँग मिरिक कराटे डो एशोसिएसनका महासचिव सेन्सी कैलाश थापा पनि सहभागी हुनेछन्। उनी दार्जीलिङ जिल्लाका ३५ जना सहभागीहरूमध्येकी एक हुन्।

****** ० ******

**बाटो शिलन्यास**

रङ्बुल रङमुक समष्टि अन्तर्गत लेवर सिडर्स तल्लो गाँऊ सम्म जाने बाटोको विधिवत रूपमा शिलन्यास गरिएको छ। जीटीए प्रमुख कार्यपाल अनित थापालाई स्थानीय प्रतिनिधिहरुले गाउँको बाटोको समस्या बिषय अवगत गराएका थिए। सोहि अनुरुप बाटो को आवस्यकता लाई ध्यानमा राखेर निर्माणको निम्ती शिलन्यास गरिएको बताइएको छ।

****** ० ******

**प्लास्टिक वेस्ट म्यानेजमेन्ट**

तकदाहको रङली-रङलियट खन्ड विकास कार्यालय र पञ्चायत समितिको संयुक्त तत्वावधानमा ट्राइजम हलमा प्लास्टिक वेस्ट म्यानेजमेन्ट सम्बन्धी आज प्रशिक्षण सञ्चालित गरियो। यस सम्बन्धमा पञ्चायत समितिका सभापति देवकुमार छेत्रीले जानकारी दिए अनुसार यो प्रशिक्षण पञ्चायत समितिको प्रत्येक ग्राम पञ्चायतबाट सदस्यहरूलाई सहभागिता गराइएको थियो।

****** ० ******

**भारतीय कम्युनिष्ट पार्टी**

भारतीय कम्युनिष्ट पार्टी (CPI) ले आज आफ्नो स्थापनाको सय वर्ष पुरा भएको अवसरमा सिलगढीमा भव्य ऱ्याली निकाल्यो। सिलगढीको बाघजतिन पार्कबाट सीपीआईको दार्जिलिङ जिल्ला कमिटीले ऱ्याली निकालेको थियो। सीपीआई दार्जिलिङ जिल्ला समितिका सचिव अनिमेश बनर्जीले भन्नुभयो पार्टीको सय वर्षको अवसरमा सिलगढीमा ऱ्याली निकालिएको छ। ऱ्यालीमा सयौंको सहभागिता रहेको थियो । उहाँले यस अवसरमा विभिन्न कार्यक्रम गरिने बताउनुभयो

****** ० ******

**फूटबल**

युनाइटेड तीनधारे स्पोर्ट्स एसोसिएसनको आयोजनामा तीनधारेको मिठाईडाँडा खेल मैदानमा भईरहेको तीनधारे च्यालेञ्च कप फुटबल टुर्नामेन्टमा आज भएको खेलमा नर्थ बेंगल फुटबल क्लबले मङ्पु युथ क्लबलाई एकतर्फी खेलमा 5-1 को अन्तरले पराजित गर्दै सजिलै क्वाटर फाइनलमा प्रवेश गरेको छ। यस खेलमा उत्कृष्ट प्रदर्शनको लागि नर्थ बेंगल फुटबल क्लबका खेलाडी राजेस सिंहलाई म्यान अफ् द म्याच चयन गरिएको छ।

****** ० ******

**भगवत कथा**

सिगेल चिया बगान अन्तर्गत कफी बरी लप्सी बोटे सिङ देवी मन्दिरमा मन्दिरमा आज कमिटिको एक सभाको आयोजन गरियो| यस सभामा आगमी फरवरी 2025 महिनाको 1,2,अनि 3 तारिख सम्म तीन दिवसीय भगवत कथा आयोजन गरिने तय गरियो|

****** ० ******

**अभिषेक ब्यनर्जी**

कालना नगरपालिकाका चेयरम्यानलाई पाँच लाख रुपियाँ माग गर्दै धम्की दिने तीन युवकलाई हुगलीबाट पुलिसले पक्राउ गरेको छ। आरोपीहरूले चेयरम्यानलाई फोन गर्दै आफूलाई अभिषेक ब्यनर्जीको कार्यालय सदस्य बताउँदै वित्तीय गड़बडीको आरोपमा कारबाही गर्ने धम्की दिएका थिए। चेयरम्यानले फर्जी कल शंका गरी कोलकाता पुलिसलाई जानकारी दिए। पुलिसले फोन नम्बर ट्र्याक गरी हुगलीबाट तीन आरोपीलाई पक्राउ गर्यो। हाल तीनै आरोपीमाथि अनुसन्धान जारी छ।

****** ० ******